कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७७/०७८

मिति:२०७७।०८।२८

## परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय, कृषि संकाय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय र वन विज्ञान संकाय अन्तर्गत **शैक्षिक सत्र** २०७४।०७५ मा संचालित **B.Sc.Ag., B.V.Sc.& A.H., B.Sc.Fisheries** र **B.Sc.Forestry** मा भर्ना भई **चौथो सेमेष्टर** र पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय र वन विज्ञान संकाय अन्तर्गत **शैक्षिक सत्र** २०७५।०७६ मा संचालित **B.V.Sc.&A.H., B.Sc.Fisheries** र **B.Sc.Forestry** मा भर्ना भई **दोस्रो सेमेष्टर** (आंगिक र सम्बन्धन प्राप्त कलेजहरु) मा अध्ययनरत विद्यार्थीहरुले **नियमित परीक्षा** र विभिन्न शैक्षिक सत्रहरुमा भर्ना भई अध्ययनरत रही उक्त **चौथो** र **दोस्रो** सेमेष्टरहरुको मौका परीक्षामा अनुत्तीर्ण भएका विद्यार्थीहरुले सो सेमेष्टरहरुको **आंशिक परीक्षामा** सम्मिलित हुन **मिति** २०७७।०८।३० देखि मिति २०७७।०९।१४ सम्म नियमित शुल्क र मिति २०७७।०९।१५ देखि मिति २०७७।०९।१७ सम्म बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय/कलेजमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फाराम सम्बन्धित संकाय/कलेजबाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरु सबै भरिएको हुनु पर्नेछ । आवेदन फाराममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टाँसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षा र आंशिक परीक्षामा सम्मिलित हुनको लागि आङ्गिक कलेजको हकमा परीक्षा शुल्क रु ८५०।- र परीक्षा आवेदन फाराम शुल्क रु १००।- का दरले र सम्बन्धन प्राप्त कलेजको हकमा रु २,०००।- शुल्क बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फाराम नभरेमा निम्न बमोजिम बिलम्ब शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७७ साल पुष १५ गते | रु.३००।- |
| २०७७ साल पुष १६ गते | रु.५००।- |
| २०७७ साल पुष १७ गते | रु.११००।- |

३. परीक्षा शुल्क र परीक्षा आवेदन फाराम शुल्क तोकिएको समयमा बुझाई परीक्षा आवेदन फाराम भरिसकेका तर तोकिएको म्याद भित्र उक्त फाराम नबुझाएमा रु. ११००।- विलम्व शुल्क बुझाए पछि मात्र फाराम बुझिलिइनेछ ।

४. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् ।

५. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकाय/कलेजबाट उपलब्ध हुनेछ ।

६. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा सम्पर्क राख्नु होला ।

७. परीक्षाको समय तालिका पछि प्रकाशित गरिनेछ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website** **www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.................................

प्रा.नारायण राज जोशी

परीक्षा नियन्त्रक

**परीक्षा नियन्त्रक**